त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर ।

Tribhuvan University
Institute of Agriculture & Animal Science
Rampur, Chitwan, Nepal

मिति: २०७३।३।२८

## स्नातकोत्तर तहको विद्यार्थी भर्ना सम्बन्धी जरुरी सूचना

यस अध्ययन संस्थान अन्तर्गत शै.व.०७२।०७३ को लागि पिजी क्याम्पस कीर्तिपुरमा संचालन गरिने स्नातकोत्तर तह कृषि/पशु विज्ञान/एक्वाकल्चर एवं पशु चिकित्सा तहमा विद्यार्थी भर्नाको लागि यस अध्ययन संस्थानबाट मिति २०७३ असार १८ गते लिईएको प्रवेश परीक्षाबाट उतीर्ण भएका विद्यार्थीहरुमध्ये मेरिटको आधारमा भर्ना लिन मिति २०७३ असार २८ गते बसेको स्नातकोत्तर भर्ना समितिको निर्णयानुसार मिति २०७३ श्रावण ९ गते १ दिन मात्र निम्न बमोजिम भर्ना कार्यक्रम राखिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

1. भर्ना हुन ईच्छुक विद्यार्थीहरु मिति २०७३ श्रावण ०९ गते दिनको १:०० बजेभित्र त्रि.वि स्मृति भवन पछाडि रहेको यस अध्ययन संस्थानको सम्पर्क कार्यालय कीर्तिपुरमा उपस्थित हुनुपर्नेछ ।
2. दिनको १:०० बजेदेखि ५:०० बजेसम्म विद्यार्थीले ईच्छाएको विषयमा कम्तीमा ३ देखी बढीमा ८ जना सम्म मेरिटको आधारमा भर्ना गरिने छ ।
3. विद्यार्थी भर्ना भईरहेका बखत अधिकतम संख्या ८ नपुगेको अवस्थामा अगाडिको मेरिट क्रमाङ्क भएको विद्यार्थी १:०० बजे पछि आइपुगमा अगाडिको मेरिटको विद्यार्थीलाई भर्ना लिईने छ ।
4. तर अधिकतम संख्या ८ पूरा भईसकेको अवस्थामा अगाडिको मेरिटको विद्यार्थी भएपनि १:०० बजेपछि आएमा सो विषयमा भर्ना लिईने छैन् ।

साथै भर्ना हुन आउँदा आफूले आवेदन फारम साथ पेश गरेका सम्पूर्ण शैक्षिक योग्यता तथा नागरिकताको सक्कलै प्रमाणपत्रहरु साथमा ल्याई रुजु गराउनु पर्नेछ र कृषि/पशु विज्ञान/एक्वाकल्चर तर्फ ३९,५००।- र पशु चिकित्सा तर्फ ४५,५००।- रकम यस अध्ययन संस्थानको कीर्तिपुर स्थित सम्पर्क कार्यालयमा भर्नाको समयमा बुझाउनुपर्नेछ ।

.................................

(प्रा.डा.गोपाल बहादुर के.सी.)
सहायक डीन (शिक्षण)
एवं पिजी भर्ना संयोजक